गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# पर्यटन तथा उद्योग कार्यालय, गोरखा

गण्डकी प्रदेश, नेपाल ।

प.स : २०८०।०८१

च.नं. :

मिति :२०८०।११।२२

श्री पालुङटार नगरपालिका
श्री अजिरकोट गाउँपालिका
श्री बारपाक सुलिकोट गाउँपालिका
श्री भिमसेनथापा गाउँपालिका
श्री सिरानचोक गाउँपालिका
श्री आरुघाट गाउँपालिका
श्री शहिद लखन गाउँपालिका
श्री धार्चे गाउँपालिका
श्री चुमनुब्री गाउँपालिका
श्री गण्डकी गाउँपालिका
गोरखा ।

**विषयः उद्योग/व्यवसाय दर्ता शिविर सञ्चालन सम्बन्धमा ।**

यस कार्यालयको चालु आ.व. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको उद्योग/व्यवसाय दर्ता शिविर सञ्चालन गर्ने कार्यक्रम रहेकोले यसै पत्रसाथ संलग्न सूचनामा तोकिएको मितिमा ताहाँ न.पा./गा.पा.मा उद्योग/व्यवसाय दर्ता शिविर सञ्चालन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा आवश्यक सहयोग पुर्‍याइदिनु हुन एवम् सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडा कार्यालयहरुमा सोको सूचना संप्रेषण गर्ने तथा ताहाँ स्थानीय तहको कार्यालयको वेभसाइटबाट सूचना प्रसारण गरिदिनु हुन अनुरोध छ ।

..................
कार्यालय प्रमुख

**बोधार्थः**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
श्री पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, पोखरा
श्री जिल्ला प्रशासन कार्यालय, गोरखाः आवश्यक सहजीकरण गरिदिनु हुन ।
श्री गोरखा उद्योग वाणिज्य संघ, गोरखाः आवश्यक सहजीकरण गरिदिनु हुन ।
श्री गोरखा चेम्बर अफ कमर्श, गोरखाः आवश्यक सहजीकरण गरिदिनु हुन ।
श्री घरेलु तथा साना उद्योग महासंघ, गोरखाः आवश्यक सहजीकरण गरिदिनु हुन
श्री नेपाल पत्रकार महासंघ गोरखाः आवश्यक सहजीकरण गरिदिनु हुन ।
श्री होटल व्यवसायी संघ, गोरखाः आवश्यक सहजीकरण गरिदिनु हुन ।
श्री गोरखा टेलरिङ्ग व्यवसायी संघ, गोरखाः आवश्यक सहजीकरण गरिदिनु हुन ।

शहिद लखन गाउँपालिका
थैरुङ, गोरखा ।
दर्ता नं. 668
मिति : 2080।11।22

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# पर्यटन तथा उद्योग कार्यालय, गोरखा ।
गण्डकी प्रदेश, नेपाल ।

प.सं.: २०८०/८१

## उद्योग/व्यवसाय दर्ता सम्बन्धी शिविर सञ्चालन हुने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८०।११।२२**

पर्यटन तथा उद्योग कार्यालय, गोरखाको चालु आ.व. २०८०।८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत उद्योग/व्यवसाय दर्ता सम्बन्धी शिविर सञ्चालन गर्ने कार्यक्रम रहेकोले नयाँ उद्योग र व्यवसाय (पसल व्यवसाय) दर्ता गर्न चाहने उद्योगी/व्यवसायीहरु र साविक घरेलु तथा साना उद्योग कार्यालय, गोरखामा दर्ता गरी सञ्चालन भइरहेका उद्योग/व्यवसायहरुको नविकरण, पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन, कारोबार संशोधन, नामसारी, खारेजी लगायत पर्यटन तथा उद्योग कार्यालय, गोरखाबाट (साविकको घरेलु तथा साना उद्योग कार्यालय) सम्पादन हुने उद्योग र वाणिज्य प्रशासनसँग सम्बन्धित सम्पूर्ण प्रशासनिक कामकाज तपसिल बमोजिमका स्थानीय तहहरुमा सञ्चालन हुने उद्योग/व्यवसाय दर्ता शिविरबाट सेवा दिइने भएकोले सम्बन्धित स्थानीय तहका सेवाग्राहीहरुले तोकिएको स्थानबाट सेवा लिनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिन्छ ।

तपसिलः-

| क्र.सं. | दर्ता शिविर सञ्चालन हुने स्थान | दर्ता शिविरबाट लाभान्वित हुने स्थानीय तह | शिविर सञ्चालन हुने मिति |
|---|---|---|---|
| १ | भिमसेनथापा गाउँपालिकाको खानचोक | भिमसेन थापा र बारपाक सुलिकोट गाउँपालिका | २०८० साल चैत्र १ र २ गते |
| २ | आरुघाट गाउँपालिकाको आरुघाट बजार | आरुघाट, धार्चे र चुमनुब्री गाउँपालिका | २०८० साल चैत्र ४ र ५ गते |
| | शहिद लखन गाउँपालिकाको घैरुङ | शहिद लखन गाउँपालिका | २०८० साल चैत्र ८ गते |
| | पालुङटार नगरपालिकाको ठाटीपोखरी बजार | पालुङटार नगरपालिका | २०८० साल चैत्र ९ गते |
| ४ | सिरानचोक गाउँपालिकाको चित्रेपोखरी | सिरानचोक गाउँपालिका | २०८० साल चैत्र १४ गते |
| ५ | अजिरकोट गाउँपालिकाको भच्चेक बजार | अजिरकोट गाउँपालिका | २०८० साल चैत्र १५ गते |
| ६ | गण्डकी गाउँपालिकाको तोमन डाँडा | गण्डकी गाउँपालिका | २०८० साल चैत्र १६ गते |

कार्यालय प्रमुख

सम्पर्क नं.:- ०६४-४२०१९३, इमेलः tiogorkha@gmail.com

गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# पर्यटन तथा उद्योग कार्यालय, गोरखा ।

गण्डकी प्रदेश, नेपाल ।

प.सं.: २०८०/८१

**उद्योग दर्ताका लागि आवश्यक पर्ने कागजातहरु:**

१. नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि

२. उद्योग सञ्चालन गर्ने कित्ता नं. खुलेको जग्गा धनी पूर्जा वा भाडको घर जग्गा भएमा न्यूनतम ५ वर्षका लागि जग्गा भाडामा लिने सम्झौता वा एकाघर सगोलको परिवारको नाममा जग्गा धनी पूर्जा भए जग्गा धनीको मन्जुरी नामा र जग्गा धनीको नागरिकताको प्रतिलिपि

३. सम्बन्धित स्थानीय तहको सिफारिस

४. उद्योग रहने स्थानको चार किल्लाका सधियारीहरुको सहिछाप भएको सम्बन्धित स्थानीय तहबाट प्रमाणित सर्जमिन मुचुल्का र चार किल्लाका सधियारीहरुको नागरिकताको प्रतिलिपि

५. उद्योगको प्रकृतिका आधारमा

  १. कृषि तथा पशुपंक्षी फर्मको हकमाः सम्बन्धित स्थानीय तहको कृषि र पशु शाखाको सिफारिस,

  २. वन पैदावारमा आधारित उद्योगको हकमा (फर्निचर, जडिबुटी प्रशोधन आदि उद्योग): डिभिजन वन कार्यालयको सिफारिस/दुरी प्रमाणित र कच्चा पदार्थ प्रासिको स्रोत खुल्ने कागजात

  ३. निर्माण उद्योगको हकमा (सेवा मूलक उद्योग): सिभिल इन्जिनियर वा सब- इन्जिनयर, लेखा र प्रशासनको कर्मचारीको नियुक्ति पत्र, निजहरुको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र नागरिकताको प्रतिलिपि

६. उद्योगमा प्रयोग हुने मेसिन, औजार, यन्त्र उपकरणको खरिद बिल (VAT) वा कोटेशन बिल (संभव भएमा)

७. उद्यमीको नागरिकता र ३ प्रति पासपोर्ट साइजको फोटो

८. उद्यमी आफै उपस्थित हुन नसेकमा अधिकारनामा दिइएको पत्र

९. साझेदारी उद्योग भएमा साझेदारहरुबीचको सम्झौता

**नविकरण गर्नका लागि आवश्यक पर्ने कागजातहरु:**

१. उद्योग वा वाणिज्य दर्ताको सक्कलै प्रमाण-पत्र र १ प्रति पासपोर्ट साइजको फोटो

२. आ.व. २०७९।८० को करचुक्ताको प्रमाण-पत्र

३. रु. पचास लाख वा सो भन्दा बढीको पूँजी भएका उद्योग/व्यवसायको हकमा आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन

४. साझेदारी उद्योग/व्यवसायको हकमा उल्लिखित कागजातको अतिरिक्त आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन

**पूँजी वृद्धि/क्षमता उद्देश्य थप वा परिवर्तन, नामसारी र खारेजीका लागि आवश्यक पर्ने कागजातहरु :**

१. आ.व. २०७९।८० को करचुक्ताको प्रमाण-पत्र

२. आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन (खारेजीका लागि पचास लाख भन्दा कम पूँजी भएको प्राइभेट फर्मको हकमा आवश्यक नपर्ने)

३. पूँजी वृद्धिका लागि स्रोत सुनिश्चिता हुने कागजात (जस्तैः बैंक ग्यारेन्टी वा बैंकबाट ऋण लिएको भए ऋण लिएको खुल्ने कागजात वा मेसिन/औजार/यन्त्र/उपकरण खरिद गरेको वा सामग्री खरिद गरेको VAT बिल

०८।११।२२

कार्यालय प्रमुख

सम्पर्क नं.:- ०६४:४२०१९३, इमेल: tiogorkha@gmail.com

गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# पर्यटन तथा उद्योग कार्यालय, गोरखा ।

गण्डकी प्रदेश, नेपाल ।

प.सं.: २०८०/८१

४. उद्योग खारेजीका लागि पत्रिकामा छपाएको ३५ दिने सूचना, कुनै अदालत वा न्यायिक निकायमा उद्योगको विरुद्ध कुनै किसिमको मुद्दा नपरेको स्वःघोषणा र उद्योगमा कार्यरत कामदार, श्रमिक, मजदुर वा अन्य कसैलाई कुनै प्रकारको तिर्न बुझाउन बाँकी बक्यौता नरहेको विवरण

<u>वाणिज्य फर्म (पसल) दर्ताका लागि आवश्यक पर्ने कागजातहरु:</u>

१. नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि

२. वाणिज्य फर्म सञ्चालन गर्ने कित्ता नं. खुलेको जग्गा धनी पूर्जा वा भाडको घर भएमा न्यूनतम ५ वर्षका लागि भाडा सम्झौता वा एकाघर सगोलको परिवारको नाममा जग्गा धनी पूर्जा भए जग्गा धनीको मन्जुरी नामा र जग्गा धनीको नागरिकताको प्रतिलिपि

३. उद्यमीको नागरिकता र ३ प्रति पासपोर्ट साइजको फोटो

४. उद्यमी आफै उपस्थित हुन नसेकमा अधिकारनामा दिइएको पत्र

५. साझेदारी व्यवसाय भएमा साझेदारहरुबीचको सम्झौता

६. फ्रेस हाउस सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको पशु शाखाको सिफारिस

७. मेडिकल भएमा औषधि व्यवस्था विभागको सहमति र फार्मेसीसँग सम्बन्धित शैक्षिक योग्यताको प्रमाण-पत्र

..............

कार्यालय प्रमुख

सम्पर्क नं.:- ०६४:४२०१९३, इमेल: tiogorkha@gmail.com